# Soaltee Hotel Limited

★ ★ ★ ★ ★

# सोल्टी होटल लिमिटेडको ४९औं वार्षिक साधारण सभा सम्बन्धी संक्षिप्त आर्थिक विवरण सहितको सूचना

## सोल्टी होटल लिमिटेडको ४९औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

श्री शेयरधनी महानुभाव,

मिति २०८० मंसिर १ गते (१७ नोभेम्बर २०२३) शुक्रवारका दिन बसेको यस सोल्टी होटल लिमिटेड (कम्पनी) को सञ्चालक समितिको २४७औं बैठकको निर्णय अनुसार यस कम्पनीको ४९औं वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा निम्नलिखित विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले उक्त साधारण सभामा स्वयम् वा रितपूर्वकको प्रतिनिधित्वद्वारा भौतिक तथा अभौतिक माध्यम अर्थात भर्चुअल भिडियो कन्फेरेन्स (Virtual Video Conference Medium) माध्यमबाट समेत उपस्थित हुनका लागि सबै शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. सभा हुने मिति, समय र स्थानः
   मितिः २०८० साल पौष २६ गते तद्नुसार ११ जनवरी २०२४, बिहिवारका दिन ।
   समयः बिहान १०:३० बजे ।
   स्थानः नेपाल प्रज्ञा–प्रतिष्ठानको प्रज्ञा सम प्रेक्षालय, कमलादी, काठमाडौं ।

   कम्पनीको ४९औं वार्षिक साधारण सभा स्वयम वा रितपूर्वकको प्रतिनिधित्वद्वारा भौतिक उपस्थिति तथा अभौतिक माध्यम अर्थात भर्चुअल भिडियो कन्फेरेन्सको माध्यमबाट समेत सञ्चालन हुनेछ र शेयरधनी महानुभावहरु साधारण सभामा भर्चुअल भिडियो कन्फेरेन्स अनलाइन माध्यमबाट सहभागिताको लागि समेत अनुरोध गर्दै साधारण सभामा सोहि अनुसार भर्चुअल भिडियो कन्फेरेन्स माध्यमको समेत व्यवस्था गरिनेछ ।

२. छलफलका विषयहरुः
   (क) सामान्य प्रस्ताव
      १. आर्थिक वर्ष २०७९/०८० (२०२२/२३) को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।
      २. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७९/०८० (२०२२/२३) का वार्षिक आर्थिक विवरणहरु (Financial Statements), २०८० आषाढ मसान्तको वासलात (वित्तीय स्थितिको विवरण), सोही मितिमा समाप्त भएको नाफा–नोक्सान हिसाब (नाफा वा नोक्सान तथा अन्य विस्तृत आय विवरण), नगद प्रवाह विवरण (नगद प्रवाहको विवरण), तथा ईक्वीटीमा भएको परिवर्तनको विवरण र यस कम्पनी तथा कम्पनीको सहायक कम्पनीहरुको आर्थिक वर्ष २०७९/०८० (२०२२/२३) को वित्तीय विवरणहरु समेत समावेश रहेको कम्पनीको एकिकृत आर्थिक विवरणहरु (Consolidated Financial Statements) उपर छलफल गरी पारित गर्ने ।
      ३. कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७९/८० (२०२२/२३) को नाफाबाट शेयरधनीहरुलाई लिन मञ्जुर तथा चुक्ता पूँजीको २६.५७८९४७३७% प्रतिशतका दरले नगद लाभांश प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।
      ४. कम्पनीको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८०/०८१ (२०२३/२४) को लागि कम्पनीको बैधानिक लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
   (ख) विशेष प्रस्ताव
      ५. कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई ५% (पाँच प्रतिशत)का दरले अर्थात कम्पनीको प्रत्येक २० कित्ता चुक्ता शेयर बराबर १ कित्ताका दरले बोनस शेयर वितरण गर्ने र सोहि अनुसार लिन मन्जुर तथा चुक्ता पूँजीलाई बृद्धि गर्न स्वीकृति प्रदान गर्ने ।
   (ग) विविध
      ६. विविधः अध्यक्षको अनुमति अनुसार ।

संचालक समितिको आज्ञाले
(लिलबहादुर खत्री)
कम्पनी सचिव

## ४९औं वार्षिक साधारण सभा सम्बन्धी सामान्य जानकारी

१) कम्पनीको ४९औं वार्षिक साधारण सभाको बैठक २०८० साल पौष २६ गते तद्नुसार ११ जनवरी २०२४, बिहिबारका दिन बिहान १०:३० बजे नेपाल प्रज्ञा–प्रतिष्ठानको प्रज्ञा सम प्रेक्षालय, कमलादी, काठमाडौंमा बस्नेछ ।

२) कम्पनीको ४९औं वार्षिक साधारण सभा स्वयम् वा रितपूर्वकको प्रतिनिधित्वद्वारा भौतिक उपस्थिति तथा अभौतिक माध्यम अर्थात भर्चुअल भिडियो कन्फेरेन्सको माध्यमबाट समेत सञ्चालन गरिनेछ । कम्पनीको ४९औं वार्षिक साधारण सभाको बैठकमा भर्चुअल भिडियो कन्फेरेन्स माध्यमबाट शेयरधनीहरुको सहभागिताको लागि जसले पहिला दर्ता गर्दछ वा पहिलो भर्चुअल सहभागी हुन जानकारी गराउँछ उसले सेवा पाउँछको आधारमा (first come first served basis) भर्चुअल भिडियो कन्फेरेन्सको Video conference लिंक (link) शेयरधनीहरुको आधिकारिक ईमेल आईडीमा उपलब्ध गराइनेछ । साथै भिडियो कन्फेरेन्सिंग (भर्चुअल) मार्फत ४९औं वार्षिक साधारण सभामा भाग लिने शेयरधनीहरुको भर्चुअल सहभागितालाई कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिमको गणपूरक संख्या गणना गर्दा उपस्थितिमा समावेश गरी गणना गरिनेछ ।

३) कम्पनीको ४९औं वार्षिक साधारण सभाको प्रयोजनको लागि कम्पनीको शेयर दाखिल खारेज दर्ता किताब बिहिबार, २०८० पौष ५ गते (21st December 2023) देखि, बिहिबार, २०८० पौष २६ (11th January 2024) गते सम्म अर्थात ४९औं साधारण सभा सम्पन्न नभए सम्म जम्मा २२ दिनको लागि बन्द रहनेछ । साथै, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८० पौष ४ गते सम्म नियमानुसार कारोवार भई यस कम्पनीको शेयर रजिष्ट्रार एन आई बि एल एस क्यापिटल लि. मा शेयर दाखिल खारेजका लागि प्राप्त हुन आएका शेयरधनी महानुभावहरुलाई यस साधारण सभाको प्रयोजनको लागि शेयरधनी कायम गरिनेछ ।

४) भर्चुअल भिडियो कन्फेरेन्स माध्यमबाट सहभागि हुनु हुने शेयरधनी महानुभावहरुलाई ४९औं बार्षिक साधारण सभा स्थलमा उपस्थित भए सरह मान्यता दिइनेछ । भर्चुअल भिडियो कन्फेरेन्स माध्यमबाट सहभागि हुनु हुने शेयरधनीहरुको हाजिर निजहरुले गरेको भर्चुअल लगईन (Virtual Log-in) को आधारमा गरिनेछ । शेयरधनीहरुलाई सहभागिताको लागि भर्चुअल भिडियो कन्फेरेन्सको Video conference लिंक (link) शेयरधनीहरुको आधिकारिक ईमेल आईडीमा कम्पनीको ईमेल legal@soaltee.com.np बाट पठाउने व्यवस्था गरिनेछ ।

५) कम्पनीको ४९औं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना सहितको संक्षिप्त आर्थिक विवरण २०७९/८० कम्पनीका शेयरधनी महानुभावहरुको जानकारीकालागि राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नुका साथै शेयरधनीहरुको लगतमा कायम रहेको ईमेल ठेगानामा समेत संप्रेषित गरिने छ । शेयरधनी महानुभावहरुले ४९औं वार्षिक साधारण सभाको सूचना र वित्तीय विवरणहरु सहितको ४९औं वार्षिक प्रतिवेदन २०७९/८० कम्पनीको वेबसाईट Website: http://www.soalteehotel.com मा समेत हेर्न सकिनेछ ।

६) छलफलको विषय अन्तर्गत विविध शिर्षकको सम्बन्धमा शेयरधनी महानुभावहरुले कुनै विषय उपर छलफल गर्न चाहनु भएमा सम्बन्धित विषय खुलाई वार्षिक साधारण सभा हुनुभन्दा ७ दिन अगावै अर्थात २०८० पौष १९ (४ जनवरी २०२४) गते बिहिबार सम्म कम्पनी सचिव मार्फत यस कम्पनीका कार्यकारी अध्यक्षलाई लिखित जानकारी दिनु पर्नेछ । तर, यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा भने समावेश गरिने छैन ।

७) साधारण सभामा भाग लिनको लागि कम्पनीको कायम अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले सो प्रतिनिधि नियुक्ती पत्र, सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय, ताहाचल, काठमाडौंमा दर्ता गरी सक्नु पर्नेछ । प्रतिनिधि नियुक्त गर्ने शेयरधनी स्वयं सभामा उपस्थित भएमा आफ्ले नियुक्त गरेको प्रतिनिधि रद्द गरेपछि मात्र निज स्वयंले सभामा भाग लिन र मतदान गर्न पाउनेछ । संगठित संस्थाको प्रतिनिधि पत्रमा सम्बन्धित संस्थाको छाप सहित आधिकारिक व्यक्तिले दस्तखत गरेको हुनुपर्दछ ।

८) शेयरधनी महानुभावहरुले सभामा आउँदा शेयर प्रमाण पत्र वा डिम्याट हितग्राही खाताको विवरण (डिम्याट एकाउण्ट नम्बर) सहित आफ्नो परिचय खुल्ने प्रमाण (जस्तै नागरिकता प्रमाणपत्र वा अन्य कुनै फोटो सहितको नेपाल सरकारबाट जारी प्रमाण पत्र) अनिवार्य रुपमा प्रस्तुत गर्नुपर्नेछ र सभा स्थलमा रहेको शेयरधनी उपस्थिति पुस्तिकामा दस्तखत गरेपछि मात्र सभा कक्ष भित्र प्रवेश गर्न दिईनेछ । तोकिएको सभा हुने समय भन्दा आधा घण्टा अगावै सभा कक्षमा उपस्थित भईदिनुहुन सबै शेयरधनी महानुभावहरुलाई अनुरोध गरिन्छ । शेयरधनी उपस्थिति पुस्तिका, शेयरधनीहरुको हाजिरी दस्तखतका लागि बिहान ९:०० बजे देखि सभा सम्पन्न नभएसम्म खुल्ला रहनेछ ।

९) सभाको सुरक्षा व्यवस्थालाई ध्यानमा राखी सभा स्थलमा खटिएका सरक्षाकर्मीहरुलाई आवश्यक सहयोग पुर्‍याउन अनुरोध गरिन्छ । शेयरधनी महानुभावहरु सभा स्थलमा आउँदा कुनै किसिमका झोला, ब्याग, प्याकेट आदि जस्ता बस्तुहरु ल्याउन पाइने छैन ।

१०) शेयरधनीहरुलाई कम्पनीको ४९औं बार्षिक साधारण सभा सम्बन्धी थप अन्य जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय सोल्टी होटेल परिसर, ताहाचल, काठमाडौंमा आईतबार देखि शुक्रबार सम्म बिहान १०:०० बजे देखि अपरान्ह ४:०० बजे सम्म (दिउँसो १:०० बजेदेखि २:०० बजे बाहेक) सम्पर्क राख्न सक्नु हुनेछ ।

११) शेयरधनीहरुलाई कम्पनीको ४९औं बार्षिक साधारण सभा सम्बन्धी थप अन्य जानकारी कम्पनीको शेयर रजिष्ट्रार एन आई एम बि एस क्यापिटल लि., लाजिम्पाट, काठमाडौंमा समेत सम्पर्क राख्न सक्नु हुनेछ ।

### भिडियो कन्फेरेन्सिङ्ग भर्चुअल (जुम) प्रविधिको प्रयोगको माध्यमबाट कम्पनीको ४९औं वार्षिक साधारण सभाको बैठकमा भर्चुअल उपस्थित भई भाग लिनको लागि शेयरधनी महानुभावहरुले अपनाउनु पर्ने विशेष बिधिहरुको सम्बन्धमा जानकारी सम्बन्धी सूचना :

१) सहभागी हुने शेयरधनीलाई जुम प्रविधि (ZOOM Applications) को प्रयोग मार्फत भिडियो कन्फेरेन्सिङ्ग (भर्चुअल) माध्यमबाट कम्पनीको रजिष्टर्ड कार्यालय, सोल्टी होटेल परिसर, ताहाचल, काठमाडौंमा हुने ४९औं वार्षिक साधारण सभाको बैठकमा उपस्थित हुनका लागि बैठकमा भाग लिने सबै शेयरधनी महानुभावहरुले अग्रीम रुपमा कम्तीमा एक दिन अगाडी शेयरधनीहरुको कम्पनीमा उपलब्ध/शेयरधनी दर्ता किताबमा रहेको/प्राप्त हुन आएको सम्बन्धित आधिकारिक ईमेल आईडीमा कम्पनीबाट प्रदान गरिएको लिंक मार्फत अग्रिम नाम रजिष्ट्रेसन गरी कन्फर्मेशन लिनु पर्नेछ । रजिष्ट्रेसन भएपछि सहभागी हुने शेयरधनीहरुले कम्पनीको सिस्टम सपोर्टबाट एक कन्फर्मेशन (पुष्टिकरण) ईमेल प्राप्त गर्नुहुनेछ जसमा बैठकमा सामेल हुने सम्वन्धी जानकारी सहित बैठकमा भर्चुअल उपस्थित हुने लिंक समावेश हुनेछ ।

२) बैठकमा भर्चुअल उपस्थित भई आफ्नो मन्तब्य राख्न चाहनुहुने शेयरधनी महानुभावहरुले कम्तीमा दुई दिन अगावै कम्पनी सचिव वा कम्पनीको आधिकारिक ईमेल आईडी legal@soaltee.com.np माध्यमबाट सम्पर्क गरी आफ्नो नाम टिपाउँदा शेयरधनीको नाम, शेयरधनी संकेत नम्बर वा डिम्याटको BOID नम्बर, धारण गरेको शेयर संख्या, शेयरधनीको ईमेल, मोबाइल नम्बर कम्पनीलाई उपलब्ध गराउनु हुन अनुरोधछ ।

३) कम्पनीको ४९औं वार्षिक साधारण सभाको बैठकमा भर्चुअल सहभागीता समेतबाट संचालन हुने भएकाले प्रविधिको सीमितता, समयको पावन्दी, उपलब्धता र इन्टरनेटको रोकावट जस्ता प्राविधिक कठिनाईलाई मध्येनजर राखी आफ्नो मन्तब्य राखी दिनुहुन समेत शेयरधनी महानुभावहरु समक्ष हार्दिक अनुरोध छ ।

४) कम्पनीको ४९औं वार्षिक साधारण सभाको बैठकको भर्चुअल सहभागीता प्राविधिक रुपमा राम्रो अनुभव गर्नका लागि शेयरधनी महानुभावहरुलाई ल्यापटप मार्फत बैठकमा सहभागी हुन प्रोत्साहित गर्दछौं ।

५) मोबाइल उपकरण वा ट्याब्लेटबाट वा ल्यापटप मार्फत जडान हुने मोबाइल हटस्पट मार्फत सहभागी हुने शेयरधनी महानुभावहरुले आफ्नो नेटवर्कमा अस्थिरताको कारण अडियो र भिडियो प्रस्तुतिमा श्रब्य दृश्यको गुणस्तर बिग्रन सक्ने हुँदा स्थिर वाइफाइ र LAN connection (ल्यान जडान) विधि प्रयोग गर्न सिफारिस गरिन्छ ।

**B.K. AGRAWAL & CO.**
CHARTERED ACCOUNTANTS
MEMBER CROWE GLOBAL

Saraswati Vatika
122 Pannahiti Marg,
Sifal - Ward No. 7
Kathmandu, Nepal.
P.O. Box 3761, Kathmandu, Nepal.
T: +977-1-4581865, 4567694, 4567568
E: bkag@crowe.com.np
W: www.crowe.com/np

**Independent Auditors' Report**
**to the Shareholders of**
**Soaltee Hotel Limited & Group**

**Report on the Summarized Standalone & Consolidated Financial Statements**

**Opinion:**

The accompanying summarized Standalone and Consolidated Financial Statements of Soaltee Hotel Limited and Group which comprise of the summarized Statement of Financial Position as at Ashad 31, 2080 (July 16, 2023), and the summarized Statement of Profit or Loss, summarized Statement of Other Comprehensive Income and summarized Statement of Cash Flows attached theréto for the year ended at Ashad 31, 2080 (July 16, 2023).

In our opinion and to the best of our information and according to the explanations given to us, the aforesaid summarized Standalone and Consolidated Financial Statements are consistent, in all material aspects, with the audited financial statements, in accordance with the Nepal Financial Reporting Standards.

**Summarized Financial Statements:**

The summarized Standalone and Consolidated financial statements do not contain all the disclosures required by the Nepal Financial Reporting Standards applied in the preparation of the audited Standalone and Consolidated financial statements of Soaltee Hotel Limited. Reading the summarized Financial Statements and the auditors' report thereon, is not a substitute for reading the audited Standalone and Consolidated Financial Statements and auditor's report thereon.

**The Audited Standalone and Consolidated Financial Statements and Our Report thereon:**

We expressed an unmodified audit opinion on the audited Standalone and Consolidated Financial Statements in our report dated 1 Mangsir, 2080 (17 November, 2023). That report also includes:

Key Audit Matters are those matters that in, our professional judgment, were of most significance in our audit of the financial statements of the current period. We have considered Revenue Recognition and Property, Plant & Equipment and Investment Property as Key Audit Matters in our report.

**Management's Responsibility:**

Management is responsible for the preparation and presentation of the summarized Standalone and Consolidated Financial Statements in accordance with Nepal Financial Reporting Standards.

**Auditors Responsibility:**

Our responsibility is to express an opinion on whether the summarized Standalone and Consolidated Financial Statements are consistent, in all material respects, with the audited Standalone and Consolidated Financial Statements based on our procedures, which were conducted in accordance with Nepal Standards on Auditing (NSA) 810 Engagements to Report on Summary Financial Statements.

Kathmandu
Date: Mangsir 1, 2080

B.K. Agrawal, FCA
*Managing Partner*
**For: B.K. Agrawal & Co.**
Chartered Accountants
UDIN: 231122CA00018ngsUW

B.K. Agrawal & Co. is a member of Crowe Global, a Swiss verein. Each member firm of Crowe Global is a separate and independent legal entity. B.K. Agrawal & Co. and its affiliates are not responsible or liable for any acts or omissions of Crowe Global or any other member of Crowe Global. Crowe Global does not have an ownership or partnership interest in B.K. Agrawal & Co.

(कम्पनी ऐन २०६३ को दफा ८४ बमोजिम तयार पारिएको संक्षिप्त वार्षिक आर्थिक विवरणहरु)

## सोल्टी होटल लिमिटेड

### आर्थिक वर्ष २०७९/८० को संक्षिप्त वार्षिक आर्थिक विवरण

श्री शेयरधनी महानुभाव,

यस सोल्टी होटल लिमिटेड (कम्पनी) को समिक्षा आर्थिक वर्ष २०७९/८० (२०२२/२३) को नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standards - NFRS) बमोजिम तयार गरी लेखापरिक्षण गरिएका संक्षिप्त वार्षिक आर्थिक विवरणहरु देहाय बमोजिम छन्:–

### २०८० आषाढ मसान्तको वित्तीय स्थितिको विवरण (वासलात) ३१ आषाढ २०८० (१६ जुलाई २०२३) सम्मको

रुपैयाँ

| विवरण | टिप्पणी | ३१.०३.२०८० (१६.०७.२०२३) | ३२.०३.२०७९ (१६.०७.२०२२) |
|---|---|---|---|
| सम्पत्ति | | | |
| गैर चालु सम्पत्ति | | | |
| सम्पत्ति, मेशिनरी र उपकरण | ३.१ | १,९०२,२९७,९८९ | १,५९४,३७७,६०५ |
| अमूर्त सम्पत्ति | ३.२ | ४२६,८५४ | ८०४,०९६ |
| लगानी योग्य सम्पत्ति | ३.३ | ८७,१९७,४९५ | ८९,१७६,६१८ |
| लगानी | ३.५ | २७५,४८७,५६३ | २९०,६८९,६७० |
| व्यापार तथा अन्य प्राप्य | ३.६ | २३,३८९,४१४ | २८,९४२,९०१ |
| कुल गैर चालु सम्पत्ति | | २,२८८,७९९,३१५ | २,००३,९९०,८९० |
| चालु सम्पत्ति : | | | |
| जिन्सी मौज्दात | ३.७ | १२२,२०३,५१९ | ८४,९४३,९६० |
| आयकर प्राप्य | ३.१३ | - | ३३,५३६,०६९ |
| व्यापार तथा अन्य प्राप्य | ३.६ | ३२५,८४३,५०५ | २८०,९९२,९३६ |
| अग्रिम भुक्तानी | | २१,३७९,७०४ | १४,४०५,८७० |
| नगद र नगद सरह | ३.८ | ६९,५४३,६९० | ३१,८६३,४१६ |
| कुल चालु सम्पत्ति | | ५३८,९७०,४१८ | ४४५,७४२,२५१ |
| कुल सम्पत्ति | | २,८२७,७६९,७३३ | २,४४९,७३३,१४१ |
| पूँजी तथा दायित्व | | | |
| पूँजी तथा जगेडा र मुनाफा | | | |
| शेयर पूँजी | ३.९ | ८८४,७१५,०६० | ८४२,५७९,७३० |
| संचित मुनाफा तथा जगेडा | ३.१० | १,२२१,६९७,६७७ | ८८६,७४४,७६८ |
| कुल पूँजी | | २,१०६,४१२,७३७ | १,७२९,३२४,४९८ |
| दायित्व | | | |
| गैर चालु दायित्व | | | |
| ऋण तथा सापटी | ३.११ | ७,९३१,५७१ | ९,१७०,९२१ |
| कर्मचारी सुविधाहरु | ३.१२ | १२५,६७४,२१२ | १२२,९७२,६६९ |
| स्थगन कर दायित्व | ३.४ | २४,३२८,४५८ | १६,७८६,७३८ |
| व्यापार तथा अन्य देय | ३.१४ | ७७,६४६,०१९ | ७५,०५४,९३० |
| कुल गैर चालु दायित्व | | २३५,५८०,२६० | २२३,९८५,२५८ |
| चालु दायित्व | | | |
| ऋण तथा सापटी | ३.११ | १,३०८,२०७ | ५३,८२०,६७४ |
| कर्मचारी सुविधाहरु | ३.१२ | ८१,७४१,३४० | ४२,७६७,२०१ |
| आयकर देय | ३.१३ | १४,८८३,४८७ | - |
| व्यापार तथा अन्य देय | ३.१४ | ३८७,८४३,७०२ | ३९९,८३५,५१० |
| कुल चालु दायित्व | | ४८५,७७६,७३६ | ४९६,४२३,३८५ |
| कुल दायित्व | | ७२१,३५६,९९६ | ७२०,४०८,६४३ |
| कुल पूँजी तथा दायित्व | | २,८२७,७६९,७३३ | २,४४९,७३३,१४१ |

### २०८० आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७९/८० (२०२२/२३) को नाफा वा नोक्सान विवरण तथा अन्य कम्प्रीहेन्सीब आय (नाफा नोक्सान हिसाब) (३१ आषाढ २०८० (१६ जुलाई २०२३) मा समाप्त भएको आर्थिक वर्ष)

रुपैयाँ

| विवरण | टिप्पणी | २०७९-८० (२०२२-२३) | २०७८-७९ (२०२१-२२) |
|---|---|---|---|
| संचालनबाट आम्दानी | ३.१५ | २,१५६,२१६,६२१ | १,२९२,५६१,३०६ |
| अन्य आम्दानी | ३.१६ | ९८,४०९,६४० | ७६,५६२,७३३ |
| कुल आय | | २,२५४,६२६,२६१ | १,३६९,१२४,०३९ |
| खाद्य तथा पेय पदार्थको खपत | ३.१७ | ३८०,०८३,४०६ | २६०,१९२,०४८ |
| कर्मचारी सुविधा खर्चहरु | ३.१८ | ५०२,३६८,१३१ | ३२३,३९४,६१८ |
| संचालन आपूर्ती खर्च | ३.१९ | २८५,३९९,८२३ | १९६,७५१,७३९ |
| ह्रास तथा परिशोधन खर्च | ३.१/३.२/३.३ | ११३,६४१,१७० | १००,३५५,१०१ |
| अन्य खर्च | ३.२० | २७७,३४३,५६५ | १५४,७१५,११३ |
| कुल खर्च | | १,५५८,८३६,०९५ | १,०३५,४०८,६१९ |
| संचालनबाट मुनाफा | | ६९५,७९०,१६६ | ३३३,७१५,४२० |
| वित्त लागत | | ८,६६०,७३८ | १८,५४४,१७१ |
| कर अघिको मुनाफा | | ६८७,१२९,४२८ | ३१५,१७१,२४९ |
| आयकर | | १३२,१४९,८३३ | १७,९२८,०५४ |
| चालु आयकर | | १२४,६०८,११३ | - |
| स्थगन कर खर्च/(आम्दानी) | ३.४ | ७,५४१,७२० | १७,९२८,०५४ |
| निरन्तर संचालनबाट भएको मुनाफा | | ५५४,९७९,५९५ | २९७,२४३,१९५ |
| संचालन नभएको व्यवसायबाट भएको नाफा/(नोक्सान) (कर पश्चात) | | - | - |
| वर्षको खुद मुनाफा | | ५५४,९७९,५९५ | २९७,२४३,१९५ |
| अन्य कम्प्रीहेन्सीब आय | | | |
| शेयर पूँजीको Fair Value मा भएको परिवर्तन | | १,७०४,८२१ | (१६२,५१६) |
| कुल कम्प्रीहेन्सीब आय | | ५५६,६८४,४१६ | २९७,०८०,६७९ |
| आधारभुत (Basic) प्रति शेयर आम्दानी रु. | ३.२१ | ६.२७ | ३.३६ |
| विलुप्त (Diluted) प्रति शेयर आम्दानी रु. | | ६.२७ | ३.३६ |

### २०८० आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७९/८० (२०२२/२३) को नगद प्रवाह विवरण (३१ आषाढ २०८० (१६ जुलाई २०२३) मा समाप्त भएको आर्थिक वर्ष)

रुपैयाँ

| विवरण | २०७९-८० (२०२२-२३) | २०७८-७९ (२०२१-२२) |
|---|---|---|
| संचालन गतिविधिबाट नगद प्रवाह | | |
| वर्षको कर अघिको मुनाफा | ६८७,१२९,४२८ | ३१५,१७१,२४९ |
| समायोजनहरु | | |
| लाभांश आम्दानी | (१९,२७१,३४७) | (१,२२२,५१७) |
| सम्पत्ति, मेशिनरी र उपकरण निसर्गबाट (नाफा)/नोक्सान | (४,५०६,५०२) | (३,११०,३६५) |
| अवधिक तथा कल बचतमा ब्याज आम्दानी | (१४७,३९५) | (१३३,१६६) |
| कर्मचारी ऋणको परिशोधन लागतमा ब्याज आम्दानी | - | (१,१८८,४५६) |
| स्थगन कर्मचारी सुविधा खर्चको परिशोधन गरिएको | - | १,१८८,४५६ |
| व्यापार प्राप्यको लागि नोक्सानी व्यवस्था | ५,०००,०६१ | ५,०००,००० |
| बोनस व्यवस्था | ६८,७१२,९४३ | ३१,५१७,१२५ |
| सम्पत्ति, मेशिनरी, उपकरण, लगानी योग्य सम्पत्ति र अमूर्त सम्पत्तिको ह्रास तथा परिशोधन | ११३,६४१,१७० | १००,३५५,१०१ |
| वित्त लागत | ८,६६०,७३८ | १८,५४४,१७१ |
| कार्यशील पूँजी परिवर्तन अघिको संचालन मुनाफा | ८५९,२१९,०९६ | ४६६,१२१,५९८ |
| व्यापार तथा अन्य प्राप्यमा भएको (वृद्धि)/कमी | (४४,२९७,१४३) | (६९,७०७,६७५) |
| जिन्सी मौज्दातमा भएको (वृद्धि)/कमी | (३७,२५९,५५९) | (१०,८१२,४५५) |
| अग्रिम भुक्तानीमा भएको (वृद्धि)/कमी | (६,९७३,८३४) | (४,५०६,८८८) |
| व्यापार तथा अन्य देयमा भएका वृद्धि/(कमी) | (१२,४२५,११२) | (९,९५८,८७४) |
| कर्मचारी सुविधामा भएको वृद्धि/(कमी) | ४,४७९,८६४ | (४७,९६५,६३३) |
| संचालन गतिविधिबाट नगद प्रवाह | ७६२,७४३,३१२ | ३२३,१७०,०७३ |
| बोनस भुक्तानी | (३१,५१७,१२५) | - |
| आयकर भुक्तानी | (७६,१८८,५५७) | (६,२१२,७८२) |
| संचालन गतिविधिबाट खुद नगद प्रवाह (क) | ६५५,०३७,६३० | ३१६,९५७,२९१ |
| लगानी गतिविधिको नगद प्रवाह | | |
| सम्पत्ति, मेशिनरी र उपकरणको विक्रीबाट प्राप्त | ७,०८१,७७१ | ३,२१५,९०६ |
| सम्पत्ति, मेशिनरी र उपकरण, लगानी योग्य सम्पत्ति र अमूर्त सम्पत्तिको खरिद | (४२१,७८०,४५८) | (२५९,२८०,५१३) |
| लगानीमा (वृद्धि)/कमी | १६,९०६,९२८ | (६,९५६,९२८) |
| लाभांश आम्दानी | १९,२७१,३४७ | १,२२२,५१७ |
| अवधिक तथा कल बचतमा ब्याज आम्दानी | १४७,३९५ | १३३,१६६ |
| लगानी गतिविधिबाट भएको खुद नगद प्रवाह (ख) | (३७८,३७३,०१७) | (२६१,६६५,८५२) |
| वित्तीय गतिविधिको नगद प्रवाह | | |
| वित्त लागत | (८,६६०,७३८) | (१८,५४४,१७१) |
| ऋण तथा सापटीको बृद्धि/(भुक्तानी) | (५३,७५१,८१७) | (३२,७१२,६८८) |
| बोनस शेयरको खण्डित मूल्य नगद (भुक्तानी)/प्राप्ती | ६,३४४ | - |
| खुद लाभांश भुक्तानी | (१७६,५७८,१२८) | (८६१,८५५) |
| वित्तिय गतिविधिबाट भएको खुद नगद प्रवाह (ग) | (२३८,९८४,३३९) | (५२,११८,७१४) |
| नगद र नगद सरहमा खुद वृद्धि (क+ख+ग) | ३७,६८०,२७४ | ३,१७२,७२५ |
| वर्षारम्भमा नगद र नगद सरह | ३१,८६३,४१६ | २८,६९०,६९१ |
| वर्षान्तमा नगद र नगद सरह | ६९,५४३,६९० | ३१,८६३,४१६ |

### आर्थिक वर्ष २०७९/८० को संक्षिप्त वार्षिक एकिकृत आर्थिक विवरण
### २०८० आषाढ मसान्तको एकिकृत (Consolidated) वित्तीय स्थितिको विवरण (वासलात) ३१ आषाढ २०८० (१६ जुलाई २०२३) सम्मको

रुपैयाँ

| विवरण | टिप्पणी | ३१.०३.२०८० (१६.०७.२०२३) | ३२.०३.२०७९ (१६.०७.२०२२) |
|---|---|---|---|
| सम्पत्ति | | | |
| गैर चालु सम्पत्ति : | | | |
| सम्पत्ति, मेशिनरी र उपकरण | ३.१ | १,९०२,२९७,९८९ | १,५९४,३७७,६०५ |
| अमूर्त सम्पत्ति | ३.२ | ४२६,८५४ | ८०४,०९६ |
| लगानी योग्य सम्पत्ति | ३.३ | ८७,१९७,४९५ | ८९,१७६,६१८ |
| लगानी | ३.५ | २७४,६८७,५६३ | २७२,९८२,७४२ |
| व्यापार तथा अन्य प्राप्य | ३.६ | २३,३८९,४१४ | २८,९४२,९०१ |
| कुल गैर चालु सम्पत्ति | | २,२८७,९९९,३१५ | १,९८६,२८३,९६२ |
| चालु सम्पत्ति : | | | |
| जिन्सी मौज्दात | ३.७ | १२२,२०३,५१९ | ८४,९४३,९६० |
| आयकर प्राप्य | ३.१४ | - | ३३,८८३,३४४ |
| लगानी | ३.५ | - | २७,५००,००० |
| व्यापार तथा अन्य प्राप्य | ३.६ | ३२६,३३७,३४८ | २८२,०००,३३० |
| अग्रिम भुक्तानी | | २१,३७९,७०४ | १४,४०५,८७० |
| नगद र नगद सरह | ३.८ | ७२,५९६,९३५ | ३६,७७८,२७० |
| कुल चालु सम्पत्ति | | ५४२,५१७,५०६ | ४७९,५११,७७४ |
| कुल सम्पत्ति | | २,८३०,५१६,८२१ | २,४६५,७९५,७३६ |
| पूँजी तथा दायित्व | | | |
| पूँजी तथा जगेडा र मुनाफा | | | |
| शेयर पूँजी | ३.९ | ८८४,७१५,०६० | ८४२,५७९,७३० |
| संचित मुनाफा तथा जगेडा | ३.१० | १,२२४,०४०,५११ | ९०६,०३०,३०१ |
| नियन्त्रकको कुल पूँजी | | २,१०८,७५५,५७१ | १,७४८,६१०,०३१ |
| नियन्त्रण नहुने स्वार्थ | ३.११ | - | (३,३२४,५६३) |
| कुल पूँजी | | २,१०८,७५५,५७१ | १,७४५,२८५,४६८ |
| दायित्व | | | |
| गैर चालु दायित्व : | | | |
| ऋण तथा सापटी | ३.१२ | ७,९३१,५७१ | ९,१७०,९२१ |
| कर्मचारी सुविधाहरु | ३.१३ | १२५,६७४,२१२ | १२२,९७२,६६९ |
| स्थगन कर दायित्व | ३.४ | २४,३२८,४५८ | १६,७८६,७३८ |
| व्यापार तथा अन्य देय | ३.१५ | ७७,६४६,०१९ | ७५,०५४,९३० |
| कुल गैर चालु दायित्व | | २३५,५८०,२६० | २२३,९८५,२५८ |
| चालु दायित्व : | | | |
| ऋण तथा सापटी | ३.१२ | १,३०८,२०७ | ५३,८२०,६७४ |
| कर्मचारी सुविधाहरु | ३.१३ | ८१,७४१,३४० | ४२,७६७,२०१ |
| आयकर देय | ३.१४ | १४,९७०,५१७ | - |
| व्यापार तथा अन्य देय | ३.१५ | ३८८,१६०,९२६ | ३९९,९३७,१३५ |
| कुल चालु दायित्व | | ४८६,१८०,९९० | ४९६,५२५,०१० |
| कुल दायित्व | | ७२१,७६१,२५० | ७२०,५१०,२६८ |
| कुल पूँजी तथा दायित्व | | २,८३०,५१६,८२१ | २,४६५,७९५,७३६ |

### २०८० आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७९/८० (२०२२/२३) को एकिकृत (Consolidated) नाफा वा नोक्सान विवरण तथा अन्य कम्प्रीहेन्सीब आय (नाफा नोक्सान हिसाब) (३१ आषाढ २०८० (१६ जुलाई २०२३) मा समाप्त भएको आर्थिक वर्ष)

रुपैयाँ

| विवरण | टिप्पणी | २०७९-८० (२०२२-२३) | २०७८-७९ (२०२१-२२) |
|---|---|---|---|
| संचालनबाट आम्दानी | ३.१६ | २,१५६,२१६,६२१ | १,२९२,५६१,३०६ |
| अन्य आम्दानी | ३.१७ | १००,४८४,४५८ | ७९,३३३,३७५ |
| कुल आय | | २,२५६,७०१,०७९ | १,३७१,८९४,६८१ |
| खाद्य तथा पेय पदार्थको खपत | ३.१८ | ३८०,०८३,४०६ | २६०,१९२,०४८ |
| कर्मचारी सुविधा खर्चहरु | ३.१९ | ५०२,३६८,१३१ | ३२३,३९४,६१८ |
| संचालन खर्च | ३.२० | २८५,३९९,८२३ | १९६,७५१,७३९ |
| ह्रास तथा परिशोधन खर्च | ३.१/३.२/३.३ | ११३,६४१,१७० | १००,३५५,१०१ |
| अन्य खर्च | ३.२१ | २७७,३९९,००१ | १५४,८४१,५३८ |
| कुल खर्च | | १,५५८,८९१,५३१ | १,०३५,५३५,०४४ |
| संचालनबाट मुनाफा | | ६९७,८०९,५४८ | ३३६,३५९,६३७ |
| वित्त लागत | | ८,६६०,७३८ | १८,५४४,१७१ |
| कर अघिको मुनाफा | | ६८९,१४८,८१० | ३१७,८१५,४६६ |
| आयकर | | १३२,६६२,२१५ | १८,५९९,१०९ |
| चालु आयकर | | १२५,१२०,४९५ | ६७१,०५५ |
| स्थगन कर खर्च/(आम्दानी) | ३.४ | ७,५४१,७२० | १७,९२८,०५४ |
| वर्षको खुद मुनाफा | | ५५६,४८६,५९५ | २९९,२१६,३५७ |
| अन्य कम्प्रीहेन्सीब आय | | | |
| शेयर पूँजीको Fair Value मा भएको परिवर्तन | | १,७०४,८२१ | (१६२,५१६) |
| कुल कम्प्रीहेन्सीब आय | | ५५८,१९१,४१६ | २९९,०५३,८४१ |
| खुद मुनाफाको हिस्सा : | | | |
| नियन्त्रकको | | ५५६,४८६,५९५ | २९९,२११,९८१ |
| नियन्त्रण नहुने स्वार्थ | | - | ४,३७६ |
| अन्य कम्प्रीहेन्सीब आयको हिस्सा : | | | |
| नियन्त्रकको | | १,७०४,८२१ | (१६२,५१६) |
| नियन्त्रण नहुने स्वार्थ | | - | - |
| आधारभुत (Basic) प्रति शेयर आम्दानी रु. | ३.२२ | ६.२९ | ३.३८ |
| विलुप्त (Diluted) प्रति शेयर आम्दानी रु. | | ६.२९ | ३.३८ |

### २०८० आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७९/८० (२०२२/२३) को एकिकृत (Consolidated) नगद प्रवाह विवरण (३१ आषाढ २०८० (१६ जुलाई २०२३) मा समाप्त भएको आर्थिक वर्ष)

रुपैयाँ

| विवरण | २०७९-८० (२०२२-२३) | २०७८-७९ (२०२१-२२) |
|---|---|---|
| संचालन गतिविधिबाट नगद प्रवाह | | |
| वर्षको कर अघिको मुनाफा | ६८९,१४८,८१० | ३१७,८१५,४६६ |
| समायोजनहरु : | | |
| लाभांश आम्दानी | (१९,२७१,३४७) | (१,२२२,५१७) |
| सम्पत्ति, मेशिनरी र उपकरण निसर्गबाट (नाफा)/नोक्सान | (४,५०६,५०२) | (३,११०,३६५) |
| अवधिक तथा कल बचतमा ब्याज आम्दानी | (१५६,३९०) | (१,८५१,९७३) |
| कर्मचारी ऋणको परिशोधन लागतमा ब्याज आम्दानी | - | (१,१८८,४५६) |
| स्थगन कर्मचारी सुविधा खर्चको परिशोधन गरिएको | - | १,१८८,४५६ |
| व्यापार प्राप्यको लागि नोक्सानी व्यवस्था | ५,०००,०६१ | ५,०००,००० |
| बोनस व्यवस्था | ६८,७१२,९४३ | ३१,५१७,१२५ |
| सम्पत्ति, मेशिनरी, उपकरण, लगानी योग्य सम्पत्ति र अमूर्त सम्पत्तिको ह्रास तथा परिशोधन | ११३,६४१,१७० | १००,३५५,१०१ |
| वित्त लागत | ८,६६०,७३८ | १८,५४४,१७१ |
| कार्यशील पूँजी परिवर्तन अघिको संचालन मुनाफा | ८६१,२२९,४८३ | ४६७,०४७,००८ |
| व्यापार तथा अन्य प्राप्यमा भएको (वृद्धि)/कमी | (४३,७८३,५९२) | (७०,०८८,५३२) |
| जिन्सी मौज्दातमा भएको (वृद्धि)/कमी | (३७,२५९,५५९) | (१०,८१२,४५५) |
| अग्रिम भुक्तानीमा भएको (वृद्धि)/कमी | (६,९७३,८३४) | (४,५०६,८८८) |
| व्यापार तथा अन्य देयमा भएका वृद्धि/(कमी) | (१२,२०९,५१३) | (१०,२४२,८४१) |
| कर्मचारी सुविधामा भएको वृद्धि/(कमी) | ४,४७९,८६४ | (४७,९६५,६३३) |
| संचालन गतिविधिबाट नगद प्रवाह | ७६५,४८२,८४९ | ३२३,४३०,६५९ |
| बोनस भुक्तानी | (३१,५१७,१२५) | - |
| आयकर भुक्तानी | (७६,२६६,६३४) | (६,६३८,३७८) |
| संचालन गतिविधिबाट खुद नगद प्रवाह (क) | ६५७,६९९,०९० | ३१६,७९२,२८१ |
| लगानी गतिविधिको नगद प्रवाह | | |
| सम्पत्ति, मेशिनरी र उपकरणको विक्रीबाट प्राप्त | ७,०८१,७७१ | ३,२१५,९०६ |
| सम्पत्ति, मेशिनरी र उपकरण, लगानी योग्य सम्पत्ति र अमूर्त सम्पत्तिको खरिद | (४२१,७८०,४५८) | (२५९,२८०,५१३) |
| लगानीमा (वृद्धि)/कमी | १२,३७४,८६४ | (२४,४६६,९२८) |
| लाभांश आम्दानी | १९,२७१,३४७ | १,२२२,५१७ |
| अवधिक तथा कल बचतमा ब्याज आम्दानी | १५६,३९० | १,८५१,९७३ |
| लगानी गतिविधिबाट भएको खुद नगद प्रवाह (ख) | (३८२,८९६,०८६) | (२७७,४५७,०४५) |
| वित्तिय गतिविधिको नगद प्रवाह | | |
| वित्तिय लागत | (८,६६०,७३८) | (१८,५४४,१७१) |
| ऋण तथा सापटीको वृद्धि/(भुक्तानी) | (५३,७५१,८१७) | (३२,७१२,६८८) |
| बोनस शेयरको खण्डित मूल्य नगद (भुक्तानी)/प्राप्ती | ६,३४४ | - |
| खुद लाभांश भुक्तानी | (१७६,५७८,१२८) | (८६१,८५५) |
| वित्तिय गतिविधिबाट भएको खुद नगद प्रवाह (ग) | (२३८,९८४,३३९) | (५२,११८,७१४) |
| नगद र नगद सरहमा खुद वृद्धि (क+ख+ग) | ३५,८१८,६६५ | (१२,७८३,४७८) |
| वर्षारम्भमा नगद र नगद सरह | ३६,७७८,२७० | ४९,५६१,७४८ |
| वर्षान्तमा नगद र नगद सरह | ७२,५९६,९३५ | ३६,७७८,२७० |

## सोल्टी होटल लिमिटेड
### संचालक समितिको संक्षिप्त प्रतिवेदन

आदरणीय शेयरधनी महानुभावहरु,

कम्पनीको ४९औं वार्षिक साधारण सभामा सम्पूर्ण आदरणीय शेयरधनी महानुभावहरुलाई स्वागत गर्न पाउँदा संचालक समितिले अत्यन्तै हर्षित भएको छ । यहाँहरु समक्ष कम्पनीको ४९औं वार्षिक प्रतिवेदन तथा ३१ असार २०८० तदनुसार १६ जुलाई २०२३ मा अन्य भएको आर्थिक बर्षको लेखा परिक्षण गरिएका वित्तीय विवरणहरु प्रस्तुत गर्न पाउँदा हामी गौरवान्वीत भएका छौं । कम्पनीले बैधानिक प्रावधानका अनुपालनाहरुको परिपालना गर्दै नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard, NFRS) को मापदण्डको आधारमा कम्पनीका आर्थिक विवरणहरु तयार पारी प्रस्तुत गरिएको छ ।

**संक्षिप्त पर्यटन परिदृश्य तथा कारोबार संचालन गतिविधिहरुको समीक्षा**

संक्षिप्तमा नेपालको पर्यटन तथा आतिथ्य सत्कार उद्योगले सन् सम्बत २०२३ मा सिर्जित विभिन्न राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय, प्रतिकुल कारकहरुबाट प्रभावित सक्रिय परिदृश्यहरुको सामना गरिरहेको छ । पर्यटन तथा आतिथ्य सत्कार उद्योगका लागि सामान्य नभएका विशिष्ट घटनाहरु र घटनाक्रमहरु भईरहेका र त्यस्ता परिदृश्यहरुबाट आतिथ्य सत्कार उद्योगमा उल्लेख्य र महत्वपूर्ण प्रभाव परि रहेको छ ।

सन् २०२३ मा दक्षिण एसियाली पर्यटन तथा आतिथ्य सत्कार उद्योगले कोभिड–१९ महामारी पछि बलियो पुर्नस्थापन गर्दै कोभिड पूर्वावस्था तर्फ तीब्रगतिमा उन्मुख रहेकोछ । भारत, श्रीलंका र नेपाल जस्ता देशहरुले आफ्नो सिमाना पर्यटनका लागि पुनः खोल्दा अन्तर्राष्ट्रिय पर्यटन बढेको छ । होटलहरुले स्वास्थ्य र सुरक्षा प्रोटोकलहरुलाई प्राथमिकता दिईनै रहेका छन् । पर्यटन तथा आतिथ्य सत्कार उद्योगका लागि दिगोपन र ईको–पर्यटन प्रमुख विषयवस्तु हुन् र होटलहरुले पर्यावरण–मैत्री अभ्यासहरु अँगाली रहेका छन् । दक्षिण एसियाली क्षेत्र समृद्ध सांस्कृतिक सम्पदा र ऐतिहासिक स्थलहरु पर्यटकहरुका लागि आकर्षणका लागि प्रशिद्ध छन्, जसले गर्दा यी स्थानहरु नजिकै अवस्थित होटलहरुमा पर्यटन तथा आतिथ्य सत्कारमा उल्लेख्य बृद्धि भई रहेकोछ ।

कोभिड–१९ को महामारी पछि नेपालमा पर्यटन तथा आतिथ्य सत्कार उद्योग पुनः उकालो लागेको छ । नेपालले आन्तरिक पर्यटनमा ध्यान केन्द्रित गर्दै वर्षभरि होटलको मागमा उल्लेख्य योगदान पुर्‍याएको स्पष्ट छ । होटलहरुले पर्यावरण–मैत्री अभ्यासहरु अपनाइरहेका छन् जसमा दिगोपन सर्वोपरि छ । सांस्कृतिक र साहसिक पर्यटन, डिजिटल रुपान्तरण र पूर्वाधार विकासले आतिथ्य सत्कार तथा पर्यटनमा अतिथिहरुको नुतन अनुभवहरु प्रति आकर्षित गर्दै पर्यटन बढाउँदैछ ।

आर्थिक वर्ष २०७९/८० (२०२२/२३) मा कम्पनीको कूल आम्दानी अघिल्लो आर्थिक वर्षको तुलनामा ६४.६८ प्रतिशतले बढेको छ (अघिल्लो आर्थिक वर्ष २०१.६२ प्रतिशतले बढेको थियो) । समीक्षा आर्थिक वर्षको कुल आम्दानी रु. २,२५.४६ करोड (गत वर्ष रु. १,३६.९१ करोड) रहेको छ, जुन अघिल्लो आर्थिक वर्षको तुलनामा लगभग रु. ८८.५५ करोडले (अघिल्लो आर्थिक वर्ष ९१.५२ करोडले बढेको थियो) बढेको छ । कम्पनीको अघिल्लो आर्थिक वर्षको ४१.५५ करोडको नगद मुनाफाको तुलनामा समीक्षा आर्थिक वर्षमा कम्पनीले रु. ८०.०८ करोड नगद मुनाफा आर्जन गर्न सफल भएकोछ । साथै, कम्पनीले अघिल्लो आर्थिक बर्षको रु. २९.७२ करोड खुद मुनाफाको तुलनामा समीक्षा आर्थिक वर्षमा कर पश्चात् ५५.५० करोड खुद मुनाफा आर्जन गर्न सफल भएको छ ।

## कार्यप्रगतिको झलकः

**वित्तीय नतिजाहरु**

आर्थिक वर्ष २०७९/८० (२०२२/२३) मा कम्पनीले हासिल गरेको प्रमुख कार्य प्रगतिको तुलनात्मक संक्षिप्त वित्तीय तथ्यांकहरु देहाय बमोजिम रहेका छन्:–

रुपैयाँ करोडमा

| विवरण | आर्थिक वर्ष | | वृद्धि/(कमी) | वृद्धि/(कमी) प्रतिशत |
|---|---|---|---|---|
| | २०७९/८० | २०७८/७९ | | |
| कुल आम्दानी | २२५.४६ | १३६.९१ | ८८.५५ | ६४.६८% |
| कुल खर्चहरु | १५५.८८ | १०३.५४ | ५२.३४ | ५०.५५% |
| संचालनबाट मुनाफा/(नोक्सानी) | ६९.५८ | ३३.३७ | ३६.२१ | १०८.५०% |
| न्यून: वित्त लागत | ०.८७ | १.८५ | (०.९९) | (५३.३०%) |
| आयकर अघिको मुनाफा/(नोक्सानी) | ६८.७१ | ३१.५२ | ३७.२० | ११८.०२% |
| आयकर व्यवस्था | १२.४६ | - | १२.४६ | १००.००% |
| स्थगन कर खर्च/(आम्दानी) | ०.७५ | १.७९ | (१.०४) | (५७.९३%) |
| आयकर पछिको खुद मुनाफा/(नोक्सानी) | ५५.५० | २९.७२ | २५.७७ | ८६.७१% |
| यस वर्ष खुद मुनाफा/(नोक्सानी) जगेडामा सारेको | ५५.५० | २९.७२ | २५.७७ | ८६.७१% |

## संक्षिप्त वार्षिक आर्थिक विवरणमा अन्य उल्लेख गर्नुपर्ने कुराहरु :

१. कम्पनीको आर्थिक वर्ष २०७९/८० (२०२२/२३) को यो संक्षिप्त आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरण तथा सञ्चालकहरुको प्रतिवेदनको आधारमा तयार पारिएको छ ।

२. आर्थिक वर्ष २०७९/८० (२०२२/२३) मा कम्पनीले प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकायले लागू गरेको लेखामान (एकाउन्टीङ्ग स्ट्याण्डर्ड) अनुरुप सबै वित्तीय प्रतिवेदनहरु नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standards - NFRS) बमोजिम तयार गरी लेखापरिक्षण गरी कम्पनीका लेखापरिक्षकको प्रतिवेदन प्राप्त भए पश्चात् कम्पनीको अभिलेखमा रहेको पूर्णपाठ अनुसार यो संक्षिप्त आर्थिक विवरण तयार गरिएको छ र यस संक्षिप्त आर्थिक विवरणले सोको सही चित्रण गर्दछ ।

३. यो संक्षिप्त वार्षिक आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरण र सञ्चालकको प्रतिवेदनको संक्षिप्त विवरण मात्र हो ।

४. संक्षिप्त वार्षिक आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरण तथा सञ्चालकको प्रतिवेदन अनुरुप छ र सो को विवरण तोकिएको ढाँचा अनूकुल छ ।

प्रमुख लेखापाल    कम्पनी सचिव    उपाध्यक्ष    संचालकहरु    कार्यकारी अध्यक्ष

मिति : १ मंसिर २०८०
स्थान : काठमाण्डौं, नेपाल

लेखापरीक्षक
बि.के. अग्रवाल एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्टस्

## प्रतिनिधि नियुक्त गर्ने निवेदन

मितिः ........................

श्री सञ्चालक समिति
सोल्टी होटल लिमिटेड
ताहाचल, काठमाडौं ।

**विषयः प्रतिनिधि नियुक्त गरेको बारे ।**

महाशय,

................................ जिल्ला .............................. मा.न.पा./न.पा./गा.पा., वडा नं. .............. बस्ने म/हामी ........................................... ले त्यस कम्पनीको शेयरधनीको हैसियतले २०८० साल पौष महिना २६ गते बिहिबारका दिन हुने ४९औं वार्षिक साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नको लागि .................. जिल्ला ..................... मा.न.पा./न.पा./गा.पा., वडा नं. ........ बस्ने त्यस कम्पनीका शेयरधनी श्री ........................................ शेयर प्रमाण पत्र नं./BOID No. ................................ लाई मेरो/हाम्रो प्रतिनिधि मनोनीत गरी पठाएको छु/छौं ।

निवेदकः

शेयरधनीको दस्तखतः
नामः .......................................................................
ठेगानाः ....................................................................
शेयर प्रमाणपत्र नं./BOID No. .......................................
भौतिक प्रमाणपत्र भएमा शेयरधनी संकेत नं. .........................
स्वामित्वमा रहेको जम्मा शेयर संख्या ....................................
मितिः ................................

द्रष्टब्यः यो निवेदन साधारण सभा हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा पेश गरिसक्नु पर्नेछ ।

**वार्षिक प्रतिवेदन (२०७९–८०)**

English    नेपाली–संक्षिप्त वार्षिक प्रतिवेदन

**सोल्टी होटल लिमिटेड**
(कम्पनी दर्ता नं. प.लि. ९६/०३७)
रजिष्टर्ड कार्यालय
ताहाचल, काठमाण्डौं, नेपाल
फोन नं. ९७७–१–४२७३९९९/९७७–१–४६७३२९९
फ्याक्स नं. ९७७–१–४२७२२०१, मोबाईल नं. ९८०१०६७२१५
ईमेलः legal@soaltee.com.np